# अद्यावधिक गरिएको दिशानिर्देश: दीर्घकालीन स्याहार सेवास्थलमा रहनुभएका प्रियजनहरूलाई भेट्ने ट्रान्सक्रिप्ट

[उत्साहजनक सङ्गीत]

*[अनस्क्रिन पाठ] अद्यावधिक गरिएको दिशानिर्देश: दीर्घकालीन स्याहार सेवास्थलमा रहनुभएका प्रियजनहरूलाई भेट्ने*

[मारिया] नमस्कार, मेरो नाम मारिया हो र म मिनिसोटा स्वास्थ्य विभागबाट हो।

म तपाईंलाई दीर्घकालीन स्याहार सेवास्थलहरूमा बस्ने प्रियजनहरूसँग भेटघाट र अंकमाल पनि गर्नका लागि पछिल्लो दिशानिर्देशका बारेमा बताउन गइरहेकी छु।

कोभिड-19 का खोपहरू र घट्दो संक्रमणलले दीर्घकालीन स्याहार सेवास्थलमा रहेका निवासी र उहाँहरूका परिवार तथा साथीहरूलाई एकसाथ ल्याउँदै भेटहरूलाई सुरक्षित तरिकाले विस्तार गर्न सम्भव बनाइरहेका छन्।

*[अनस्क्रिन पाठ] तपाईंले आफ्नो प्रियजनलाई कसरी र कहाँ भेट्न सक्नुहुन्छ भन्ने बारेमा सबैभन्दा पछिल्लो जानकारी जान्नका लागि उहाँ बसिरहेको सेवास्थललाई फोन गर्नुहोस्।*

[मारिया] तपाईंले आफ्नो प्रियजनलाई कसरी र कहाँ भेट्न सक्नुहुन्छ भन्ने बारेमा सबैभन्दा पछिल्लो जानकारी जान्नका लागि उहाँ बसिरहेको सेवास्थललाई फोन गर्नुहोस्।

दीर्घकालीन स्याहार सेवास्थलका निवासीहरूले अब अन्य व्यक्तिहरूसँग भेटघाट गर्न सक्नुहुन्छ र पूर्ण रूपमा खोप लगाएका निवासीहरूले आफ्ना आगन्तुकहरूलाई अंकमाल गर्न सक्नुहुन्छ। निवासी तथा उहाँहरूका आगन्तुकहरूले मास्क लगाउने र भेटभन्दा अघि र पछि आफ्ना हातहरू धुने कुराहरूलाई सुनिश्चित गर्न आवश्यक हुनेछ।

भवनभित्रै भेटहरूलाई अनुमति दिइएको भएतापनि कोभिड-19 फैलने सामान्यतया न्यून जोखिम हुने भएकोले सम्भव हुँदासम्म बाहिर बसेर गरिने भेटहरूलाई अझै पनि प्राथमिकता दिइन्छ।

आगन्तुकहरूलाई सेवा प्रदान गर्ने दीर्घकालीन स्याहार सेवास्थलको क्षमतामा परिवर्तन हुन सक्ने भएकोले थप जान्नका लागि आगन्तुकहरूले आउनुभन्दा अगाडि नै फोन गर्नुपर्छ।

*[सुरक्षित रहनुहोस् मिनेसोटा लोगो र [https://www.health.state.mn.us/diseases/coronavirus/hcp/ltc.html](https://www.health.state.mn.us/diseases/coronavirus/hcp/ltc.html)मा जाने लिङ्क]*

[उत्साहजनक सङ्गीत]

Minnesota Department of Health
Communications Office
PO Box 64975
St. Paul, MN 55164-0975
651-201-4989
health.communications@state.mn.us
www.health.state.mn.us

3/30/21 (Nepali)
*भिन्न ढाँचामा यो जानकारी प्राप्त गर्न यहाँ फोन गर्नुहोस्: 651-201-4989*